

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १00% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २४ ❑ अङ्क १५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ४ गते सोमबार ❑ 19 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## टुक्रे योजना हटाइयोः मन्त्री आले

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

गण्डकी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री जितप्रकाश आलेले सामुदायिक भवनका योजनादेखि भौतिक पूर्वाधार र खानेपानी तथा सिंचाईका टुक्रे योजना हटाइएको बताउनु भएको छ।

आर्थिक मामिला मन्त्रालयले आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा वोल्दै मन्त्री आलेले उक्त कुरा बताउनु भएको हो । आउदो आर्थिक बर्ष २०८०/०८१ को लागि दुई वटा मन्त्रालयबाट थ्रेस होण्ड अर्थात टुक्रे योजना हटाउन सुरु गरेको उहाँले बताउनु भयो । आउदो बर्षको बजेटमा भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा न्यूनतम ३० लाख र सिंचाई तथा खानेपानी सम्बन्धिका योजनाहरुमा न्यूनतम १० लाख भन्दा तलका योजनाहरु नसमेटिएको उहाँले बताउनु भयो । प्रदेश सरकार भएर पनि स्थानिय तह र वडाहरुले रकम विनियोजन गरे सरी २/४ लाखका टुक्रे योजना गर्नुले प्रदेश आलोचित भएकोले प्रदेशको अस्तित्व बुझाउन पनि यस्तो कदम चालेको मन्त्री आलेले बताउनु भयो । त्यसै गरी मन्त्री आलेले आउदो बर्ष देखि विभिन्न समुदाय, जाति बिषेश, आमा समुह लगायतका सामुदायिक भवनमा विनियोजन हुदै आएका योजनाहरु समेत कटौंती गरेको बताउनु भयो। ऐतिहासिक र धेरै महत्व बोकेका एकाद बाहेक अन्य सामुदायिक



भवनमा आउँदो बर्षको बजेटले सम्बोधन गर्न नसकिएको उहाँको भनाई थियो।

आन्तरिक स्रोत र संघ सरकारले दिने अनुदान खुम्चिएपछि गण्डकी प्रदेश सरकारले यस बर्ष यथार्थ बजेट ल्याउन खोज्दा चालु आर्थिक बर्ष भन्दा केही कम बजेट प्रस्तुतः गरेको मन्त्री आलेले बताउनु भयो। चालु आर्थिक बर्ष भन्दा आउदो आर्थिकको बजेट ६.९११ प्रतिशतले कम हो।

गण्डकीमा प्रदेशसभा सदस्यको सिफारिसमा सञ्चालन हुने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई प्रदेशको सन्तुलित विकासको लागि भन्दै नाम परिवर्तन गरी पूर्वाधार विकास कार्यक्रम कार्यान्वयत गर्न ७२ करोड विनियोजन गरिएको छ। एक जना सांसदले दुई करोड बजेटका योजना सिफारिस गर्न पाउने प्रावधानलाई हटाई निर्वाचन क्षेत्रमा विकासको आवश्यकताको आधारमा २ मन्त्रालयबाट सुरु गरिएको थ्रेस होण्ड लागु हुने गरी यसको कार्यविधि बनायर लागु गर्ने मन्त्री आलेले बताउनु भयो।

आम प्रदेशबासीको शिक्षा, स्वास्थ्य क्षेत्रमा पहुच पुर्याउन प्रस्तुतः गरेको बजेटले उच्च प्रथामिकता दिएको मन्त्री आलेले बताउनु भयो । सामुदायिक बिद्यालयको प्रबर्द्धन गर्न सरकारले उचित बजेट विनियोजन गरेको उहाँले बताउनु भयो । कृषि उत्पादन बढाऔं, आयात प्रतिस्थापन गरौं भन्ने नारा सहित कृषि जन्य बस्तुको प्रबर्द्धन, आयात प्रतिस्थापन, निर्यात प्रबर्द्धन, खाद्य तथा पोषण सुरक्षा प्रत्याभुत गराउन कृषि पशुपक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन गर्न र खाद्यान्न, दुध, तरकारी, फलफुल, माछामासुमा आत्मनिर्भर गराउन सरकारले पहल गरेको मन्त्री आलेले बताउनु भयो। कृषि अनुदानलाई उत्पादनमा आधारित किसानलाई मात्र अनुदान दिने भएको उहाँले बताउनु भयो।

१० बर्ष मुनिका बालबालिका तचथा ६० बर्ष भन्दा माथिका नागरिकहरुलाई स्वास्थ्य सेवामा पहुच पुराउने उद्धेश्यले प्रदेशका अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा ओ.पि..डि. सेवा र प्रयोगशाला परीक्षण निःशुल्क प्रदान गर्ने व्यबस्था मिलाएको मन्त्री आलेले बताउनु भयो।

चालु आर्थिक बर्षको बजेट हालसम्म करिब ३६ प्रतिशत मात्र खर्च भएकोले यस असार मसान्तरसम्ममा ६५ प्रतिशत बजेट खर्च हुने मन्त्री आलेले बताउनु भयो। मन्त्री भएको छोटो समयमै बजेट बनाउदा केही कमीकमजोरी भएको उल्लेख गर्दै मन्त्री आलेले आफुले ल्याएको बजेट कार्यान्वयन गर्न पाएको खण्ठमा ८० प्रतितशत बजेट कार्यान्वयन गर्ने दाबी गर्नु भयो।

नेपालको संविधानले परिकल्पना गरेको संघिय लोकतान्त्रिक शासन व्यबस्थाको माध्यमबाट प्रदेशको समृद्धि हासिल गर्न उपलब्ध साधन श्रोतलाई अधिकतम परिचालन गरी प्रदेशबासी नागरिकको हित अभिबृद्धि गर्दै सामाजिक न्यायमा आधारित समाजबाद उन्नमुख अर्थतन्त्र एवं आत्मनिर्भर तथा समुन्नत प्रदेश सम्मानित प्रदेशबासी बनाउने नारालाई साकार रुप दिन उक्त बजेट तर्जुमा गरेको मन्त्री आलेले प्रष्ट पार्नु भयो।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## 'स्मार्ट' बत्तीले झलमल पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार



पोखराको मुख्य सहरी क्षेत्र ' हाइमार्स्ट' र 'स्मार्ट' सडकबत्तीले झलमल बनेको छ । 'उज्यालो पोखरा' अभियानअन्तर्गत् २० मुख्य चोकमा 'हाइमार्स्ट' र करिब ५० किमी सडकमा एक हजार छ सय २४ वटा 'स्मार्ट बत्ती' जडान गरिएको छ । नेपाल विद्युत् प्राधिकरण र पोखरा महानगरपालिकाको साझेदारीमा बत्ती जडानको काम भइरहेको हो । पृथ्वीचोक, विरौटाचोक, शहीदचोक, बागलुङ बसपार्क, हेम्जा, फेवा किनारलगायत २० ठाउँमा 'हाइमार्स्ट' बत्ती जडान भइसकेको छ । चालु आवको कार्यक्रमअन्तर्गत् मुस्ताङ चोक, बाटुलेचौर मैदान र बेगनासतालमा 'हाइमार्स्ट' बत्ती जडानको काम भइरहेको प्राधिकरणको राष्ट्रिय सडकबत्ती प्रवर्द्धन आयोजनाका प्रमुख प्रमोद रिजालले जानकारी दिनुभयो। "हाइमार्स्ट र स्मार्ट बत्ती जडानको काम सँगसँगै भइरहेको छ, सम्झौता अनुसारको काम पूरा हुने चरणमा छ", उहाँले भन्नुभयो, "उज्यालो पोखरा अभियानले अर्को वर्ष पनि निरन्तरता पाउँनेछ, महानगरले पनि कार्यक्रम माग गरेको छ।"

चालीस मिटर परसम्म चारैतिर उज्यालो दिने 'हाइमार्स्ट' बत्तीले पोखराका मुख्य चोक झलमल बनेको आयोजना प्रमुख रिजालले बताउनुभयो । "हाइमार्स्ट अन्तर ाष्ट्रिय गुणस्तरको टिकाउ बत्ती हो, आवश्यकताअनुसार यसको प्रकाश घटाउन र बढाउन सकिन्छ", उहाँले भन्नुभयो, "मोबाइलको सर्भर प्रणालीबाट बत्तीलाई नियन्त्रण गर्न सकिन्छ।" सोह्र मिटर अग्लो पोलमा 'हाइमार्स्ट' बत्ती राखिन्छ। मानिस र सवारीसाधनको आउजाउ बढी हुने समयमा बत्तीलाई पूर्ण क्षमतामा बालिन्छ। रात छिप्पिँदै जाँदा भने बत्तीको प्रकाशलाई केही घटाउने गरिएको छ। बाहिर उज्यालो हुँदा बत्ती स्वचालित रुपमा निभ्ने र रात परेपछि बल्ने गर्छ ।'स्मार्ट' बत्ती नियन्त्रणका लागि ठाउँठाउँमा 'कन्ट्रोल प्यानल' राखिएको छ । 'सफ्टवेयर' प्रणालीबाट बत्ती बले/नबलेको जाँच गर्न सकिन्छ। बत्ती बिग्रिएमा उक्त प्रणालीमा सङ्केत आउँछ। विर ौटादेखि-छोरेपाटन, न्यूरोडलगायत क्षेत्रमा 'स्मार्ट' सडकबत्ती जडान गरिएको महानगरका इञ्जिनियर ध्रुव भट्टराईले बताउनुभयो। उहाँका अनुसार ९० वाटका एक हजार एक सय २४ र एक सय २० वाटका पाँच सय २० 'स्मार्ट' बत्ती जडान गरिएको हो। चार सय ४० वटा नयाँ र बाँकी पुरानै बिजुलीका पोलमा 'स्मार्ट' बत्ती राखिएको छ। सडकबत्तीका लागि प्राधिकरणले छुट्टै ट्रान्सफर्मर जडान गरेको छ। कूल रु १२ करोड ७५ लाखको उक्त आयोजनामा प्राधिकरण र महानगरको ५०/५० प्रतिशत लागत साझेदारी रहेको छ। अर्को वर्ष 'जिरो' किमिदेखि फेँदीसम्म 'स्मार्ट' सडकबत्ती जडान गर्ने योजना रहेको इञ्जिनियर भट्टराईले बताउनुभयो । "आवश्यकता हेरेर सहरका मुख्य चोक र सडकमा स्मार्ट बत्ती जडान गर्दै जाने महानगरको योजना छ", उहाँले भन्नुभयो, "स्मार्ट बत्तीले एकातिर सहरी सौन्दर्य बढ्छ, अर्कातिर सहर सुरक्षित हुन्छ, यसबाट राति हुने आपराधिक क्रियाकलाप नियन्त्रणमा पनि सघाउ पुग्छ ।"पोखरा महानगरका प्रवक्ता मोतीलाल तिम्सिनाले 'उज्यालो पोखरा' महानगरको प्राथमिकताप्राप्त कार्यक्रम रहेको बताउनुभयो। 'स्मार्ट' बत्तीको झिलिमिलीले पर्यटकीय राजधानी पोखराको आकर्षण अझ बढ्ने उहाँको भनाइ थियो।

"स्मार्ट बत्तीले सहरको रात्रिकालीन सौन्दर्य बढ्नाका साथै आपराधिक क्रियाकलाप र सवारी दुर्घटना न्यूनीकरणमा पनि टेवा पुग्छ", प्रवक्ता तिम्सिनाले भन्नुभयो। सडक बत्तीको सञ्चालन र व्यवस्थापनको जिम्मा महानगरले लिएको छ ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## सोमबार समाजवादी मोर्चा घोषणा हुने

**रासस**
काठमाडौं, ३ असार

संविधान प्रदत्त समाजवाद स्थापनालाई प्रमुख प्राथमिकतामा राखी सोमबार समाजवादी मोर्चा घोषणा हुने भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको नेकपा(माओवादी केन्द्र), नेकपा(एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेकपालगायतका राजनीतिक दलले समाजवादी मोर्चा निर्माणमा सहमति जुटाएका हुन्। सोमबार राष्ट्रियसभा गृहमा एक कार्यक्रम गरी समाजवादी मोर्चा घोषणा हुनेछ। बैठकमा सहभागी जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठका अनुसार आजको बैठकमा समाजवादी मोर्चा र त्यसको न्यूनतम कार्यक्रमका बारेमा आवश्यक सहमति भएको छ।

समाजवादी मोर्चा बनाउने प्रयास धेरै पहिलेदेखि भए पनि औपचारिकता भने पाउन सकेको थिएन । माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महारले लगातार विभिन्न राजनीतिक दलसँग यसबारेमा संवाद गर्दै आउनुभएको थियो।

आइतबारको बैठकमा शीर्ष नेताहरुको उपस्थिति थियो । बैठकले मोर्चाको न्यूनतम कार्यक्रमसमेत तय गरेको र सोमबार नै सार्वजनिक गरिने बताइएको छ।

मोर्चामा डा बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टी नेपालसमेत सहभागी हुने बताइएको छ । यसअघि नै प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' र अध्यक्ष भट्टराईबीचको भेटवार्तामा सो सहमति भइसकेको छ।


**पखालाबाट बचौं र बचाऔं।**

पखाला लाग्न नदिन,

◆खुलास्थानमा शौच नगरौ, शौचालयको प्रयोग गरौं।
◆शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
◆ खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
◆उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
◆बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
◆खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलसंघहरु इमान्दार हुनुपर्छ : मन्त्री लिम्बु

पोखरापत्र संवाददाता
पोखरा, ३ असार



नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बुले सरकारले संसदमा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा युवा तथा खेलकुद मन्त्रालय प्राथमिकतामा पर्न नसकेको गुनासो गरेका छन्।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आइतबार पोखरा रंगशालामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री लिम्बुले विगतको वर्षमा भन्दा धैरैं कम बजेट छुट्याइएको बताए।

‘सरकारले सार्वजनिक गरेको बजेटमा युवा तथा खेलकुद मन्त्रालय प्राथमिकतामा परेन, यो भन्दा अगाडि झण्डै पौने ४ अर्बको बजेट छुट्याइएको भएपनि अहिले घटाएर १ अर्ब ८८ करोडको सिलिङ योजना आयोगले पठायो’ उनले भने। आफूले मन्त्रालय सम्हालेपछि केही योजना थप्नको लागि आग्रह गरेको भएपनि त्यसलाई सम्बोधन नगरिएको उनले खुलाए। मन्त्री लिम्बुले खेलसंघमा विवाद हुँदा खेल क्षेत्रमा समस्या हुने भएकोले संघहरुलाई इमान्दार बन्न जोड दिए। उनी भन्छन् -‘संघहरुमा विवाद देखियो। यो विवाद अन्त्य हुनुपर्‍यो। एक खेल एक संघ हुनुपर्ने भन्ने ऐनमा व्यवस्था छ। यहाँ एउटै खेलको थुप्रै संघ भएपछि विवाद हुने भयो। त्यसकारण संघमा रहेका साथीहरुले पनि खेलको वृहत्तर विकास र प्रवर्द्धनको लागि काम गर्नुहोस्।’ राजनीतिक स्वार्थको लागि मात्र संघमा नलाग्न उनको आग्रह छ।

पदाधिकारीबिचको टसलका कारण युवा तथा खेलकुद मन्त्रालय अर्न्तगतका कर्मचारीको वृत्ति विकास लामो समयदेखि हुन नसकेको पाइएकोले त्यसलाई यसलाई सुधार गर्न सुरु गरेको उनले खुलाए। खेलकुद विमालाई प्रभावकारी बनाई खेलाडीलाई सुरक्षित भएको महशुस गर्ने उद्धेश्यले केही काम थालेको उनको भनाई थियो। नीतिगत समस्याका कारण कतिपय काम हुन नसकेको महशुस गरी नीति बनाउन थालिएको उनले सुनाए।

खेलाडीको सुविधा समेत पदाधिकारीले लिने गरेको भन्ने गुनासो आएको भन्दै पदाधिकारीले न्युनतम सेवा सुविधाको प्रयोग गरी अधिकतम सेवा सुविधा खेलाडीलाई नै प्रदान गर्न आग्रह गरें। १९ औं एसियन गेमको तयारी सुरु भइसकेको भन्दै केही खेलको बन्द प्रशिक्षण पोखरामा हुन सक्ने संकेत उनले गरें। मन्त्रालय अर्न्तगतका कार्यालयको संघिय संरचना अनुसार स्वामित्व हस्तान्तरण गर्ने कार्य अगाडि बढेको उनले खुलाए।

पछिल्लो समयमा युवा तथा खेलकुद मन्त्रालय प्राथमिकतामा पर्न नसकेको अवस्थालाई ध्यान दिँदै यो मन्त्रालय सबैको प्राथमिकतामा कसरी पर्न सक्छ भन्ने ध्ययका साथ आफूले काम गर्दै गरेको भनाई समेत उनले राखे। पत्रकारले सोधेका केही जिज्ञाशाको भने उनले स्पष्ट जवाफ दिएनन्। मन्त्रालयमा योजना लिएर आएमा पोखराको खेल क्षेत्रको विकासको लागि काम गर्ने प्रतिवद्धता भने व्यक्त गरें। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको पत्रकार भेटघाट कार्यक्रमको सञ्चालन महासचिव राजाराम पौडेलले गरेका थिए। पत्रकार भेटघाट पश्चात मन्त्री लिम्बुले पोखरा रंगशालाको निरिक्षण समेत गरेका थिए।

# छात्रतर्फ त्रिभुवन र जनप्रिय तथा छात्रातर्फ सिद्ध र बाहारी फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, ३ असार



पोखरामा जारी ब्रेकिङ बाउण्ड्रज कास्की जिल्ला स्तरिय अन्तर सामुदायिक छात्र-छात्रा टी-२० क्रिकेट प्रतियोगितामा छात्रतर्फ त्रिभुवन मावि र जनप्रिय मावि तथा छात्रातर्फ सिद्ध मावि र बाहारी मावि फाइनलमा प्रवेश गरेका छन्।

पोखरा रंगशालामा आइतबार भएको सेमिफाइलन खेलमा जित हाँसिल गर्दै यि विद्यालयहरुले फाइनलमा स्थान बनाएका हुन्।

पोखरा क्रिकेट एकेडेमिको आयोजना तथा युकेको मेरलिबोन क्रिकेट फाउण्डेशन र किडासाको सहयोगमा जारी प्रतियोगिता अन्तर्गत छात्रतर्फ त्रिभुवन माविले सिद्ध मावीलाई १० विकेटले पराजित गर्दै फाइनलमा प्रवेश गर्‍यो। पहिला व्याटिङ गरेको सिद्धले सम्पूर्ण विकेट गुमाएर २७ रन मात्रै बनाउन सक्यो। सिद्धका सविन परियारले १० रन जोडे। प्रत्युत्तरमा त्रिभुवन माविले ३.१ ओभरमा कुनैपनि विकेट नगुमाई विजयी लक्ष्य पार गर्‍यो। त्रिभुवनका करण यादवले १८ रन बनाए। त्रिभुवनका बलर करण यादव र कुनाल यादव दुवैले समान ३/३ विकेट लिए।

छात्रतर्फको अर्को सेमिफाइनलमा अंकको आधारमा जनप्रिय मावि फाइनल पुग्यो। जनप्रियले ३ खेलमा ३ मै जित निकाल्दै ९ अंक जोडेको थियो। सेमिफाइनल खेलेको अम्मरसिंहले ३ खेलमा २ जित, १ हार सहित ६ अंक मात्रै बनाउन सक्यो। छात्रातर्फ सिद्ध माविले त्रिभुवन माविलाई ७५ रनले पराजित गर्‍यो। पहिला व्याटिङ गरेको सिद्धले २० ओभरमा ३ विकेटको क्षतिमा १ सय ४२ रन बनाएको थियो। सिद्धको व्याटिङमा एलिना श्रेष्ठले ३० रन हानिन्। प्रत्युत्तरमा त्रिभुवनले पुरा २० ओभर खेलेर ७ विकेटको क्षतिमा ६७ रन मात्रै बनाउन सक्यो। बाराही मावि पनि अंकको आधारमा फाइनलमा प्रवेश गर्‍यो। बाराहीले ३ मध्ये ३ खेलमै जित निकालेको थियो भने अम्मर सिंहले २ खेलमा जित हाँसिल गर्‍यो। प्रतियोगिताको फाइनल खेल सोमबार पोखरा रंगशालामा हुने प्रतियोगिता संयोजक बबिन कुँवरले जानकारी दिए।

## टुक्रे...

उत्पादन र उत्पादकत्व अभिबृद्धि तथा कृषिको रुपमान्तरण, पर्यटन प्रबर्द्धन, औधोगिक विकास र रोजगार सृजना गर्ने, स्वास्थ्य सेवाको सुदृढीकरण मार्फत स्वस्थ्य जीवनको सुनिश्चितता, दिगो र गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, शिक्षा र सामाजिक विकास मार्फत सुसंस्कृत समाज निर्माण गर्न बजेटले मद्धत पुग्ने उहाँको विश्वास छ।

प्रदेशका पूर्व अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम कटौंती गर्दा केही आलोचित त केही प्रशंसा समेत पाउनु भएको थियो। अघिल्लो बर्ष अध्याधिक बिरोध भए पछि अन्ततः कार्यविधि लागु गरी पूर्वाधार विकास कार्यक्रम लागु गर्ने सहमती भएको थियो। प्रदेश सरकारले स्थानिय तह र वडाले जसरी २/४ लाखका योजना हाल्दा विगत देखि नै आलोचित हुदै आएको छ। पूर्वाधार विकास कार्यक्रम जनताका सन्तुलित

विकासको लागि समेत आवश्यक देखिएको आर्थिक मामिला सचिव बिष्णु शर्माले बताउनु भयो। उत्पादन र उत्पादकत्व अभिबृद्धि तथा कृषिको रुपान्तरण, पर्यटन प्रबर्द्धन, औधोगिक विकास र रोजगार सृजना गर्ने, स्वास्थ्य सेवाको सुदृढीकरण मार्फत स्वस्थ्य जीवनको सुनिश्चितता, दिगो र गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, शिक्षा र सामाजिक विकास मार्फत सुसंस्कृत समाज निर्माण, शान्ति सुरक्षा तथा विपद् व्यबस्थापन, गुणस्तरिय सार्वजनिक सेवामा नागरिकको पहुच, भ्रष्टचार उन्मुलन र शुसासन अभिबृद्धि गर्न आगामी आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमका प्राथामिकताका रुपमा उल्लेख गरिएको छ। आउदो बर्षको बजेटले कृषि, स्वास्थ्य लगायतका बिषयमा जोड दिएको पाइन्छ। गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को लागि ३३ अर्ब ४२ करोड ७२ लाख बजेट प्रस्तुतः गरेको छ। चालु आर्थिक बर्षको तुलनामा उक्त बजेट ६.९११ प्रतिशतले कम आएको हो।

## स्मार्ट...

बत्तीको महसुल पनि उसैले तिर्छ।

महानगरको ‘उज्यालो पोखरा’ अभियानसँगै सिङ्गौ गण्डकी प्रदेशलाई पनि ‘उज्यालो प्रदेश’ घोषणा गर्ने तयारी भइरहेको छ। प्रदेश सरकारले आगामी आवभित्र प्रदेशका सबै घरधुरीमा विद्युत् सेवा पुऱ्याउने लक्ष्य लिएको छ। प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको तथ्याङ्क अनुसार ९९ दशमलव ५० प्रतिशत घरमा बिजुली पुगेको छ। शून्य दशमलव पाँच प्रतिशत घरधुरी मात्र बिजुलीको पहुँच बाहिर छन्। छुटेका घरधुरीमा बिजुली पुऱ्याएर ‘उज्यालो गण्डकी प्रदेश’ घोषणा गर्ने तयारीमा प्रदेश सरकार छ। प्रदेश स्थापनापछि विसं २०७४ मा गठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रमा सबै घरमा बिजुली बाल्ने निर्णय गरेको थियो। बर्सेनि सरकारको नीति, कार्यक्रम र बजेटमा समेटिँदै आएको ‘उज्यालो गण्डकी प्रदेश’को लक्ष्य यो वर्ष पूरा हुन लागेको हो। राष्ट्रिय प्रसारण लाइन नपुगेका ठाउँमा लघुजलविद्युत् र घरेलु सौर्य ऊर्जामार्फत विद्युत् सेवा विस्तार गरिएको हो।

मन्त्रालयको ऊर्जा शाखाका अनुसार बागलुङ, तनहुँ र नवलपुरका केही ठाउँमा मात्र विद्युत् सेवा पुग्न बाँकी छ। प्रदेशका पाँच लाख ७४ हजार सात सय ९८ घरधुरीमा विद्युत् सेवा पुगेकामा राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत् तथा सौर्य ऊर्जा आदिको छ।

# ‘बजेटको प्राथमिकता सडक, सामाजिक विकास, शिक्षा, स्वास्थ्य’

पोखरापत्र संवाददाता
दमौली, ३ असार

तनहुँको व्यास नगरपालिकाले वडाबाट आएका प्राथमिकताका क्षेत्रलाई समेटेर आगामी आर्थिक वर्षको बजेट निर्माण गर्ने भएको छ। नगरपालिका आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रमको तयारीमा जुटेको छ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेले भूगोल, जनसङ्ख्यालाई आधार मानी सामाजिक आधारभूत आवश्यकता पूर्ति गर्ने गरी योजना बनाइने बताउनुभयो। उहाँका अनुसार वडाबाट आएका योजना छनोटमा सडक, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, वन तथा वातावरण, आर्थिक, संस्थागत सुधार लगायतका योजनाहरु प्राथमिकतामा परेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदत्त गरेको अधिकार, विधि र प्रक्रिया अनुसार असार १० गतेभित्र गरिने नगरसभाका लागि नगरपालिकाले वडागत योजनाहरु तर्जुमा गरी पेस गर्ने तयारी गरेको छ।

यस पटक व्यास नगरपालिकाको बजेटको आकार अङ्क गणितीय हिसाबमा अघिल्लो वर्षको तुलनामा सानो हुने हुने न्यौपानेले बताउनुभयो। न्यौपानेका अनुसार सङ्घीय एवं प्रदेश सरकारले दिँदै आएको सशर्त, समानीकरण, समपूरक र विशेष अनुदान यसपटक थोरै आएको हुनाले बजेट आकार सानो बनाउन लागिएको हो।

आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमका लागि नगरपालिकाले वडागत सिलिङ तयार गरी योजनाहरुको तर्जुमा गरेर विषयगत समितिमार्फत छलफल गरी नगरसभामा पेस गर्ने तयारी गरेको छ। न्यौपानेले भन्नुभयो, “सङ्घ र प्रदेश सरकारले दिँदै आएको अनुदानमा धेरै कटौती भएको छ। त्यसको प्रत्यक्ष असर व्यास नगरपालिकामा पनि पर्नेछ।” न्यौपानेका अनुसार यस पटकको कार्यक्रम तर्जुमा गर्दा चालु खर्चमा कटौती गरी धेरैभन्दा धेरै बजेट पूँजीगत खर्चमा विनियोजन गर्ने तयारी छ। बजेट निर्माणका लागि नगरपालिकाले १४ वटै वडामा बजेटको मापदण्ड निर्माण गरी पठाएको थियो। अघिल्लो वर्ष हरेक वडालाई रुक एक करोड २५ लाख बजेट तोकिएकामा यो पटक भने रु एक करोडको बजेटमात्र मापदण्ड तय गरिएको छ। वडामा चालु खर्च करिब २० र पूँजीगत खर्च ८० प्रतिशत हुने गरी मापदण्ड बनाइएको छ। जसले गर्दा जनताले प्रत्यक्ष नगरपालिकाको बजेट तथा कार्यक्रमको महसुस गर्ने दाबी गरिएको छ। नगरपालिकाले अघिल्लो आर्थिक वर्षमा रु २२ करोड ६० लाख राजस्व सङ्कलन गरेको थियो भने यस चालु वर्षमा करिब रु १७ करोड राजस्व सङ्कलन गरेको छ। नगरपालिकाले आर्थिक वर्ष २०७९/८० का लागि रु एक अर्ब ७७ करोड ८९ लाख १२ हजारको बजेट पास गरेको थियो।

# कृषि नै समृद्धिको आधार : मन्त्री भुसाल

पोखरापत्र संवाददाता
पोखरा, ३ असार

कृषि तथा पशुपन्छीमन्त्री बेदुराम भुसालले कृषि नै समृद्धिको आधार भएको बताउनुभएको छ।

स्याङ्जाको भिरकोट-५ पकानस्थित केराबारी कृषक समूहको समन्वयमा आज आयोजित सुन्तला रोपण अभियान कार्यक्रममा उहाँले कृषि, पशु तथा मत्स्यपालनका क्षेत्रबाट मात्रै समृद्धि हासिल गर्न सकिने बताउनुभयो। कृषि तथा पशुपालनका क्षेत्रमा सामूहिक वा चक्लाबन्दी खेतीमा जानुपर्ने नीति सरकारले अगाडि सारेको मन्त्री भुसालको भनाइ छ। “अब चक्लाबन्दी वा सामूहिक खेती प्रणालीमा जोड दिनुपर्छ भन्ने सरकारले नीति अगाडि ल्याएको छ”, उहाँले भन्नुभयो, “बाँझो जमिनको उपयोग गर्ने वा व्यक्तिका बाँझो रहेका जमिन भाडामा लिएर भए पनि खेती गर्ने नीति सरकारले लिएको छ।” बाँझो जमिनको उपयोगका लागि सरकारले नीति तथा कार्यक्रम नै बनाएको उहाँले बताउनुभयो। मन्त्री भुसालले नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि बजेट विनियोजन भइसकेको बताउनुभयो। अहिले कृषकका लागि बाँदर आतङ्क चुनौतीका रुपमा रहेकाले यसको व्यवस्थापन गर्न सरकार ऐन संशोधन गरेर अगाडि बढ्ने उहाँले बताउनुभयो।


बाँदरको आतङ्क व्यवस्थापन गर्न बाँदर नमर्ने तर तर्साउने गरी विद्युतीय तारबार लगाउन सकिने विकल्प रहेको बताउनुभयो। स्याङ्जा जिल्ला सुन्तला, कफी उत्पादनका दृष्टिले अगाडि रहेकाले आगामी दिनमा अझै व्यवस्थित र सामूहिक ढङ्गबाट खेती प्रणाली अगाडि बढाउनु आवश्यक रहेको उहाँको भनाइ थियो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ स्याङ्जाको आयोजनामा केराबारीमा सामूहिक खेतीको सुरुआत गरिएको हो।


**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (वृाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# विवादित संवाद हटाऊ

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले सोमबारदेखि  काठमाडौंका हलहरुमा भारतीय चलचित्र निषेध गर्ने औपचारिक घोषणा गरेका छन् । दक्षिण भारतीय फिल्म ‘आदिपुरुष’ ले विवादित संवाद नहटाएपछि उनले पूर्वचेतावनीअनुसार यो निर्णय लिएका हुन् । मेयर बालेनको निर्णयलाई नेपाली जनताले सामाजिक संजालबाट समर्थन जनाएका छन । नेपाल सरकारले कडा आपत्ति जनाएर विरोध नगरेका कारण मेयर बालेनको कदमलाई जनस्तरबाट समर्थन भएको छानेपाली जनता राष्ट्रियताको रक्षा,स्वाभिमान, स्वतन्त्रता र स्वाधीनताका लागि सरकारलाई साथ दिन तयार छन ।

विगतमा भारतले लगाएको नाकाबन्दीको विरोधमा केपी शर्मा ओली नेतृत्वको सरकारले लिएको अडानलाई साथ दिएका थिए ।सत्तामा पुग्न र टिक्न विदेशीले हेप्दा र अपमान गर्दा लम्पसार पर्ने साशकका कारण नेपालीमाथि एकपछि अर्को तरिकाले स्वतन्त्रता र स्वाभिमान माथि खेलवाड गर्दै आएका हुन । बालेनले सीतालाई भारतकी छोरी भनिएको संवाद हटाउन तीन दिनको अल्टिमेटम दिएका थिए । तर, चलचित्रबाट अहिलेसम्म उक्त संवाद हटाइएको छैन । नेपालको सेन्सर बोर्डले ‘भारत’ शब्द काटेर नेपालमा प्रदर्शनको अनुमति दिएको थियो ।काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले भोलिदेखि काठमाडौंका हलहरुमा भारतीय चलचित्र निषेध गर्ने औपचारिक घोषणा गरेका छन् । दक्षिण भारतीय फिल्म ‘आदिपुरुष’ ले विवादित संवाद नहटाएपछि उनले पूर्वचेतावनीअनुसार यो निर्णय लिएका हुन् ।

नेपालको स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी राष्ट्रहितको रक्षा गर्नु प्रत्येक सरकार, सरकारी निकाय गैरसरकारी क्षेत्र र नेपाली नागरिकको पहिलो कर्तव्य हुने बालेनले बताएका छन् । फेसबुकमा स्टाटस लेख्दै उनले भनेका छन्, ‘नेपालको संविधानको धारा ५ र ५६ को उपधारा ९६० ले संघ, प्रदेश र स्थानीय सरकारलाई राष्ट्रिय हितको संरक्षण गर्ने जिम्मेवारी तोकेको छ । उक्त चलचित्र यथावत् प्रदर्शन भएमा नेपालको राष्ट्रियता, सांस्कृतिक एकता र राष्ट्रिय विभूतिमाथि ठाडो प्रहार भई अपूरणीय क्षति हुने देखिन्छ। उक्त चलचित्रबाट नेपाल माथि सांस्कृतिक अतिक्रमण भएको हुँदा यस महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । ’

काठमाडौँ महानगरपालिका क्षेत्रभित्र उक्त राष्ट्रहित विपरितको चलचित्रको प्रदर्शनलाई निषेध गरेर मात्र देशभित्रका अन्य क्षेत्र र विदेशमा सो चलचित्र प्रदर्शन हुन दिने हो भने त्यसले भ्रामक तथ्य स्थापित गर्ने बालेनको भनाइ छ ।  काठमाडौंको जस्तै  कदम अरु महानगर र उप महानगर र नगरपालिकाले उठाएर फेरि एक पटक भारतीय भ्रामक रकुरा गरेर स्वाभिमानमाथि खेल्ने आँट गर्ने थिएनन् । चलचित्रबाट आपत्तिजनक अंश नहटाएसम्म काठमाडौ महानगरमा कुनै पनि भारतीय चलचित्र प्रदर्शन गर्न भोलि देखि निषेध गरिएको निर्णय उचित हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| ककर्ट | : मन चञ्चल | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# अब निसेलढोरमै स्वास्थ्य सेवा

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ असार

“केटाकेटी बिरामी भइरहन्छन्, कहिलेकाँही हामी आफै पनि बिरामी हुन्छौं, भनेको बेला गाडी पाइँदैन, अस्पतालमा पुग्न यहाँबाट एक दिन लाग्थ्यो, तर  अब गाउँमै स्वास्थ्य संस्था आएपछि भने खुसी लागेको छ”, निसीखोला गाउँपालिकुा-५का कमला विकले भन्नुभयो ।

विकका चार छोराछोरी छन् । उनीहरु विरामी पर्दा एक दिन खर्चेर अस्पताल जानु पर्दथ्यो । तर यसै साता गाउँपालिकाले निसेलढोरमा सामुदायिकस्वास्थ्यइकाइस्थापना गरेपछि सामान्य उपचारका लागि अस्पताल पुग्नै पर्ने बाध्यता हटेकोमा उहाँलगायतका स्थानीय खुसी हुनुहुन्छ । निसेलढोर बागलुङको दुर्गममा पर्ने बस्ती हो । निसेलढोरका अधिकांश स्थानीय घुम्ती बसाइ गर्ने गर्छन् । असोज लागेपछि निसीखोला गाउँपालिका-५ को निसी गाउँ झर्ने र बर्खा लागेपछि निसेलढोर जाने स्थानीयको परम्परा नै हो । कहिले लेक त कहिले बैंसी गर्ने हुँदा निसेलढोरमा अहिलेसम्म स्वास्थ्य संस्था स्थापना हुन सकेका थिएन । एकदशक अगाडिसम्म निसेलढोरमा बाह्रै महिना बस्नेको सङ्ख्या निकै कम थियो । अहिले सडक सञ्जालले जोडिएपछि स्थायीरुपमा ६० घर परिवार बसिरहेका छन् । बिरामी हुँदा घरेलु ओखतीमुलो गर्दै आएका स्थानीयले अब स्वास्थ्य संस्थामा उपचार गराउनुका साथै औषधिसमेत पाउने भएका छन् । गाउँमा स्वास्थ्य संस्था नहुँदा बिरामीले अकालमा ज्यान गुमाउनु पर्ने अवस्था थियो । अब कसैले पनि अकालमा ज्यान गुमाउन नपर्ने उहाँको विश्वास छ । “सहर बजारभन्दा धेरै टाढा छौं, गाउँमा डाक्टर थिएन्, अस्पताल थिएन, कोही बिरामी भयो भने झाँक्रीधामी गर्ने गर्थ्यौं, धामीझाँक्रीले निको नबनाए मात्रै अस्पताल जान्थ्यौं”, उहाँले भन्नुभयो, “अस्पताल लैजाँदै गर्दा कतिले त बाटोमै ज्यान गुमाए, अब त्यसरी अकालमा कसैलाई पनि मर्न पर्ने छैन, सरकारले गाउँमै अस्पताल ल्याइदियो, हामीहरु धेरै खुसी भएका छौं ।” सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनमा आएपछि गाउँका सबै नागरिकले सहजरुपमा सेवा पाउने अवस्था भएकोस्थानीय प्रेमबहादुर पुनको भनाइ छ । यतिका वर्षसम्म सामान्य स्वास्थ्योपचारका लागि हजारौं खर्च गर्नुपरेको भन्दै अब जटिल किसिमका रोगबाहेक अन्य उपचार गाउँमै गराउन पाइने भएपछि उहाँले खुसी व्यक्त गर्नुभयो । सरकारले दुर्गमको स्वास्थ्य संस्थालाई प्राथमिकतामा राखेर औषधि र उपकरणको कमी हुन नदिन आग्रह गर्नुभयो ।

उहाँ भन्नुहुन्छ, “हामीहरु धेरै टाढा छौं, अस्पताल सञ्चालनमा आयो भन्ने मात्रै नहोस् यहाँबाट प्रवाह हुने सेवा गुणस्तरीय र प्रभावकारी बनोस्, हामीहरु सामान्य उपचारका लागि ठूलाठूला अस्पतालमा जान नपरोस्, यसलाई राज्यले विशेष प्रथमिकतामा राख्न जरुरी छ ।” यहाँ सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनका लागि निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १५ लाख विनियोजन गरेको थियो । गाउँपालिकाले तत्कालका लागि घर भाडामा लिएर एक जना अनमी र एक जना कार्यालय सहयोगी राखी सेवा विस्तार गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत दिलीपकुमार चन्दले जानकारी दिनुभयो । आगामी आवमा गाउँपालिकाले प्रदेश सरकारसँग सहकार्य गरी भवन निर्माण गरेर सेवालाई थप गुणस्तरीय र प्रभावकारी गराउने उहाँको भनाइ छ । निसीखोला गाउँपालिकामा स्वास्थ्यचौकी चार वटा, आधारभूत स्वास्थ्य इकाइ दुई वटा, सामुदायिक स्वास्थ्य इकाइ दुई वटा गरी आठ स्वास्थ्य संस्था सञ्चालनमा रहेको उहाँले बताउनुभयो । अहिले वडा नं ४ को झिम्पामा पालिकास्तरीय १० शय्याको आधाभूत अस्पताल निर्माणको अन्तिम चरणमा रहेको निमित्त प्रमुख प्रशासकीय अधिकृत चन्दको भनाइ छ । निसेलढोरमा अहिलेसम्म विद्युत् को पहुँच पुगेको छैन ।

# पुरुष भलिबल : नेपाल मङ्गोलियासँग पराजित

**रासस**
काठमाडौं, ३ असार

सेन्ट्रल एसियन भलिबल एशोसिएशन (काभा) पुरुष भलिबल नेसन्स लिगको आफ्नो पहिलो खेलमा नेपाल मङ्गोलियासँग पराजित भएको छ।

कीर्गिस्तानमा आज भएको खेलमा नेपाल मङ्गलियासँग ३-१ को सेटमा पराजित भएको हो । मङ्गोलियाले खेलको पहिलो सेट २५-१९ र दोस्रो सेट २५-२० ले आफनो पक्षमा पाऱ्यो । त्यस्तै खेलको तेस्रो सेट भने नेपालले जित्यो । नेपालले २७-२५ ले आफ्नो पक्षमा पाऱ्यो तर खेलको चौंथो सेटमा मङ्गोलिया २५-२० ले विजयी भयो । उक्त प्रतियोगितामा विभिन्न सात टोलीको सहभागिता रहेको छ। जसमा आयोजक कीर्गिस्तान ‘ए’ टोली, मङ्गोलिया, नेपाल, उज्वेकिस्तान, इरान, तुर्कमिनिस्तान र कीर्गिस्तानको ‘बी’ टोली छन् ।

अब नेपालले आफनो दोस्रो खेल भोलि कीर्गिस्तानको ‘ए’ टोलीसँग खेल्नेछ ।

# प्लास्टिकजन्य फोहर सङ्कलन अभियान

**पोखरापत्र संवाददाता**
वालिङ, ३ असार

स्याङ्जाको फेदीखोला गाउँपालिकाले विद्यार्थीमार्फत प्लास्टिकजन्य फोहर सङ्कलन गर्ने अभियान थालेको छ । समुदाय, विद्यालय तथा विभिन्न ठाउँमा छरिएर रहेका प्लास्टिकजन्य फोहरका कारण वातावरण प्रदूषण बढ्दै गएकाले यसको प्रयोगमा निरुत्साहित गर्ने उद्देश्यले विद्यार्थीमार्फत फोहर सङ्कलन अभियान थालिएको हो ।

‘बिट प्लास्टिक पोलुसन’ भन्ने अभियानसहित गाउँपालिकावासी तथा विद्यार्थीले वर्षभरिको प्लास्टिकजन्य फोहर सङ्कलन गरी तौलको आधारमा पुरस्कार दिने योजना अगाडि सारिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिनुभयो । “प्लाष्टिकबाट हुने प्रदूषणले हाम्रो समुदायलगायत समग्र विश्व नै आक्रान्त पारिरहेको छ” उहाँले भन्नुभयो, “गाउँपालिकाभित्रका प्रत्येक विद्यार्थीलाई घर तथा घर वरपरको प्लास्टिकजन्य फोहर सङ्कलन गर्न आह्वान गरेका छौं । विद्यार्थीले एकवर्षको अवधिमा सङ्कलन गरेको फोहरको तौलको आधारमा आगामी वातावरण दिवसमा पुरस्कार दिनेछौं ।” पालिकाका अध्यक्ष सुवेदीका अनुसार अभियानमा गाउँपालिकाभित्रका २६ सामुदायिक विद्यालय र चार संस्थागत विद्यालयका तीन हजार विद्यार्थी संलग्न छन् । “कक्षा १ देखि १२ सम्मका विद्यार्थीले विद्यालयमा होस् या समुदायमा आफूले जति सक्छन् त्यति नै प्लास्टिकजन्य फोहर सङ्कलन गरी राख्छन्” उहाँले भन्नुभयो, “उनीहरुले सङ्कलन गरेको फोहरको तौल गरी पुरस्कारस्वरुप रकम उपलब्ध गराउँछौं ।”

गाउँपालिकाले सबै विद्यार्थीको नाममा खाता सञ्चालन गरी सोही खातामा रकम जम्मा गरिदिने तयारी गरिरहेको उहाँको भनाइ थियो । विद्यालयमा कक्षागतरुपमा विद्यार्थीले प्लास्टिकजन्य फोहर बोरामा सङ्कलन गरी राख्ने र त्यसको व्यवस्थापन कक्षा शिक्षक तथा विद्यालयका प्रधानाध्यापकले गर्ने व्यवस्था मिलाइएको छ । “विद्यार्थीले सङ्कलन गरेको प्लास्टिकजन्य फोहर गाउँपालिकाले तौल गरेर खरिद गर्नेछ” पालिकाका अध्यक्ष सुवेदीले भन्नुभयो, “उक्त फोहरलाई गाउँपालिकाले वर्गीकरण गरी पुनः प्रयोग वा बिक्रीको ब्यवस्था मिलाउने छ ।”

गाउँपालिकाले यो अभियान थालेसँगै विद्यार्थी उत्साहित भएर प्लास्किजन्य फोहर सङ्कलनमा लागेका फेदीखोला-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयका शिक्षक शोभाकान्त शर्माले बताउनुभयो । “विद्यालय परिसरभित्र कतै प्लास्टिकजन्य फोहर देखे पनि बेवास्ता गर्ने विद्यार्थी अहिले नभनिकन टिप्न थालेका छन् ।” उहाँका अनुसार विद्यार्थीले फोहर  कक्षागतरुपमा राखिएको बोरामा सङ्कलन गर्ने गरेका छन् ।

विद्यालयका कक्षा १ देखि १२ सम्म विद्यार्थीले कक्षागतरुपमा छुट्टाछुट्टै बोरामा फोहर सङ्कलन गर्दै आएका छन् ।

# गौसंरक्षण केन्द्रको घाँसेमैदान उजाडिँदै, हरियाली बनाउन श्रमदान

**पोखरापत्र संवाददाता**
दमौली, ३ असार

तनहुँको शुक्लागण्डकी नगरपालिका-९ घारीस्थित गौसंरक्षण केन्द्रमा शनिबार बिहानैदेखि सर्वसाधारणको भीड थियो । कसैले हातमा कुटो, कोदाली त कसैले खन्ती, गैंची बोकेका थिए ।

किशोर-किशोरी, युवा-युवतीदेखि वृद्ध-वृद्धासम्मको भीड बिहानैदेखि बाक्लिएको थियो । उनीहरू गौसंरक्षण केन्द्रको घाँसेमैदान हरियाली बनाउने उद्देश्यसहित घाँस रोपणका लागि श्रमदानमा सहभागी हुन आएका थिए । श्रमदानका लागि आएका सर्वसाधारणको सङ्ख्या सयौंमा थियो । विभिन्न वडाका सर्वसाधारण स्वतःस्फुर्तरूपमा श्रमदानमा सहभागी हुन आइपुगेका थिए । विगत केही समयदेखि गौ संरक्षण केन्द्रको घाँसेमैदान उजाडिएको छ । घाँसेमैदान उजाड हुँदा गौ संरक्षण केन्द्रका गाई भोकै हुनुपर्ने अवस्था आउन थालेको छ। आहाराको अभावमा केही गाईको मृत्युसमेत भएपछि सुशासन तथा समृद्ध शुक्लागण्डकीका लागि युवा अभियान केन्द्रमा घाँसेमैदान बनाउन अग्रसर भएको छ ।

अभियानको आह्वानमा केन्द्रमा घाँस रोप्ने अभियानमा श्रमदानका लागि सर्वसाधारण ओइरिन थालेका छन् । अभियानका संयोजक शङ्कर पन्तले गौ संरक्षण केन्द्र हराभरा र गाई भोकले मर्न नपर्ने समयसम्म घाँस रोप्ने कार्य चलिरहने बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले यो अभियानका लागि आह्वान गरेकामा युवायुवती, वृद्धवृद्धासमेत आएर सहयोग गरिरहनुभएको छ ।” यसअघि पाँच श्रमदान कार्यक्रममा अनावश्यक झाडी फाँड्ने, ढुङ्गा पन्छाउने, खनजोत गर्नेलगायतका सफाइको काम गरी घाँस रोप्ने जमिन तयार पारिएपछि असारको पहिलो हप्तादेखि बृहत् घाँस रोपण सुरु भएको छ । शनिबार करिब २० रोपनी जग्गामा नेपियर, मुलाटो, सख्खर लगायतका भुईघाँस, दबदबे, पाखुरी, काउरो, इपीलिपी लगायतका डाले घाँस रोपिएको छ । पन्तले भन्नुभयो, “गौ संरक्षण केन्द्रमा घाँस नहुँदा गाई भोकै मर्नुपरेको दुःखद् अवस्था देखेपछि हामीहरूले यो अभियान सुरु गरेका हौं । गौ संरक्षण केन्द्रलाई घाँसले हरियाली बनाएपछि मात्रै अभियान सम्पन्न हुनेछ ।” बृहत् सरसफाइ तथा घाँस रोपण कार्यक्रमको छैटौं शृङ्खलामा युवा अभियन्ताहरूसँगै नेपाल प्रहरी, माछापुच्छे टोल, गाछेपानी साँखर टोल, हरियाली आमा समूह, जनहित आमा समूह, पञ्चमुनिदेव माविका विद्याथी सहभागी थिए । शुक्लागण्डकी नगरपालिकाले छाडा चौपाया व्यवस्थापनमा लागि गौ संरक्षण केन्द्र सञ्चालन गरेको थियो । नगरपालिका क्षेत्रभित्र जथाभावीरूपमा चौपाया छाड्दा दुर्घटनाको जोखिम बढेपछि नगरपालिकाले गौ संरक्षण केन्द्र सञ्चालनमा आएको थियो ।

दूध दिन छाडेपछि कृषकले जथाभावी गाईवस्तु छाडिदिने गरेको र पोखरा महानगरपालिकाबाट गाईवस्तु शुक्लागण्डकीमा भित्रिन थालेको थियो । तर गौ संरक्षण केन्द्रमा घाँसेमैदान नहुँदा समस्या हुँदै आएको छ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ०५ सिमाना मार्ग उत्तर सेती स्ल्याव नाला तथा बाटो ढलान योजना कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः सिमाना मार्ग उत्तर सेती स्ल्याव नाला तथा बाटो ढलान
स्थानः पोखरा–०५, प्रस्याङ, कास्की
योजना सम्झौता मितिः २०७९/१२/१३ गते
योजना शुरु  मितिः २०७९/१२/१४ गते
योजना सम्पन्न भएको मितिः २०८०/०२/२९ गते
योजनाको कुल लागत : रु. ७०५९४५.५९ ।–
पोखरा म.न.पा. वडा नं. ५ बाट प्राप्त हुने रकम :
रु.६,००,००० ।–
उपभोक्तावाट : रु.१०५९४५.५९ ।–
उपभोक्ता समिति अध्यक्षः धर्मदत्त पौडेल
मो. ९८५६०२२४३६

**सिमाना मार्ग उत्तर सेती नहर स्ल्याब नाला तथा बाटो ढलान उपभोक्ता समिति पोखरा-५, प्रस्याङ**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १५ वडा कार्यालयदेखि बसुन्धरा मार्ग हुदैं कालिका जोड्ने सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः वडा कार्यालयदेखि बसुन्धरा मार्ग हुदैं कालिका जोड्ने सडक निर्माण
स्थानः पोखरा–१५, कास्की
योजना सम्झौता मितिः २०७९/१२/२३ गते
योजना शुरु  मितिः २०८०/०१/०८ गते
योजना सम्पन्न भएको मितिः २०८०/०२/१० गते
योजनाको कुल लागत : रु. १८८६१७५.७६ ।–
पोखरा महानगरपालिकाबाट प्राप्त हुने रकम :
रु.१५,००,००० ।–
जनसहभागितावाट : रु.३,८६,१७५.७६ ।–
उपभोक्ता समिति अध्यक्षः नैना क्षत्री
उपभोक्ता समिति सदस्य जम्माः ९, महिलाः ७, पुरुषः २

**वडा कार्यालयदेखि बसुन्धरा मार्ग हुदैं कालिका जोड्ने सडक निर्माण उपभोक्ता समिति पोखरा-१५**

# सडकले नास्यो गाउँको सौन्दर्य : सुविधा भन्दा सास्ती धेरै

-ध्रुवसागर शर्मा
म्याग्दी, ३ असार

असार सुरु भएको छ । मनसुन सक्रिय नभएकाले पानी परेको छैन । पानी पर्न थालेपछि बाढी र पहिरोको जोखिम बढ्ने हुँदा आवागमनमा समस्या हुने गर्दछ । वर्षा सुरु नहुँदै यहाँका ग्रामीण सडकमा यातायातका साधन सञ्चालनमा सास्ती हुने गरेको छ ।

पश्चिम म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि सोही गाउँपालिका-५ मा पर्ने देविस्थान गाउँ जाने सडकमा यातायातका साधन नगुडेको डेढ महिना भयो । सामान्य वर्षा हुँदासमेत बाटो बिग्रिएपछि दरवाङबाट चारघण्टा पैदल हिँडेर स्थानीय जाउआउ गर्न बाध्य भएका देवीस्थानका प्रेम सिउथानी मगरले बताउनुभयो । गाउँपालिका तथा नगरपालिकाले बजेट पारेर निर्माण भएका धेरै सडकको अवस्था वर्षाको समयमा बिग्रिने गरेको दरवाङका व्यवसायी अमृत सापकोटाको भनाइ छ । उहाँले गाउँपालिकाले करोडौं बजेट विनियोजन गरेर गाउँमा सडक खने पनि गाडी नचल्दा सास्ती खेप्नु परेको बताउनुभयो ।

उपभोक्ता समितिमार्फत निर्माण भएका धेरै सडक बिना नापजाँच खनिएको हुँदा गाडी गुड्ने खालको नभएको सापकोटाको भनाइ छ । डेढदशक अगाडिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा बेग्लै रौनक थियो । बस्ती मोटरबाटोले जोडिएका थिएनन् । सदरमुकाम बेनी बजारबाट गाउँ उक्लिन घोडा चढ्नुपर्थ्यो वा पैदलै हिँड्नुपर्थ्यो । भारी बोक्ने भरिया र घोडा खच्चडको बथानले बाटोको यात्रा रमाइलो हुन्थे । अहिले जिल्लाका छ स्थानीय तहका ४५ वडामध्ये ४४ वडाका प्रत्येक टोलटोलमा सडक पुगेको छ । धवलागिरि गाउँपालिका-१ गुर्जा बाहेक सबै वडाका बस्ती-बस्तीमा सडक पुगेको छ । स्थानीय सरकारको स्थापनापछि पहिलो प्राथमिकतामा सडक परेको छ । पाँच वर्षको अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहको बजेटबाट जिल्लाका छ स्थानीय तहमा ७४ ग्रामीण सडक निर्माण भएका पूर्वाधार कार्यालय एवम् स्थानीय तहको तथ्याङ्कमा उल्लेख गरिएको छ । सडक विस्तार भएसँगै ग्रामीण जनजीवनमा परिवर्तन ल्याए पनि प्राकृतिक स्रोतको विनास उत्तिकै गरेको जानकार बताउँछन् । ग्रामीण सडकका कारण ऐतिहासिक र पुरातात्विक सम्पदा नासिँदा बर्खाको समय ती सडकमा ठूला-ठूला पहिरो जाँदा मानवीयसँगै भौतिक सम्पत्तिको ठूलो क्षति भइरहेको छ । बिना इन्जिनियरिङ धमाधम निर्माण भएका सडकले गाउँको सुन्दरता घटाएको छ भने पर्यावरणमा पनि नकरात्मक असर पुऱ्याइरहेको छ । सडकका कारण पछिल्लो समय पानीका मुहानसुक्ने, मौलिक सम्पदा मासिनुका साथै कतिपयलाई घरबारविहीन बनाएको स्थानीय बताउँछन् । ग्रामीण क्षेत्रका धेरैजसो सडकमा हिउँदमा गाडी गुडे पनि वर्षा सुरु भएपछि गाडी चल्न सक्दैनन् । गाडी नगुड्दा स्थानीयवासी पहिलेकै जस्तै पैदलयात्रा गर्नुपर्छ भने दैनिक उपभोग्य सामान पनि बोकेरै ल्याउनुपर्ने बाध्यता छ । "जिल्ला सदरमुकाम बेनी बजार र नगरपालिका क्षेत्रमा मात्रै होइन, पाँचवर्ष अघिसम्म निकै दुर्गम र अनकण्टार मानिने ठाउँमासमेत अहिले सडक पुगेको छ" बेनी बजारका नैनकुमार श्रेष्ठले भन्नुभयो, "सडकले गाउँका जनतालाई सुविधा पनि दिएको छ र सास्ती पनि । बर्खाको समयमा सडककै कारण बाढीपहिरोको जोखिम बढेको छ भने गाडी नचल्दा जोखिम मोलेर पैदलयात्रा गर्नुपर्ने बाध्यतामा नागरिक छन् ।" मालिका गाउँपालिका-६ का ५१ वर्षिय टेकबहादुर विकले सडकले सुविधा भन्दा पनि प्राकृतिक स्रोतको विनाश र बाढी सास्ती दिएको बताउनुभयो । "गाउँमा खनिएका सडकको अवस्था निकै कमजोर छन् । साँघुरा र जोखिमयुक्त सडक हुँदा गाडी चल्दैनन्, गाउँको तल्लो क्षेत्रसम्म गाडी आए पनि माथिल्लो क्षेत्रमा बर्खामास गाडी पुग्न सक्दैनन्" उहाँले भन्नुभयो "चाहिएको बेला गाडी चढ्न पाइँदैन । सडक बनाउने नाममा कैयौंले खेतबारी र घरसमेत गुमाउनु परेको छ ।"

रघुगङ्गा गाउँपालिका-६ का डेकबहादुर शेरपुंजाले सडकले गाउँलेलाई धेरै सुविधा दिएको बताउँदै गाउँका खेतबारी, मठ मन्दिर र चौतारी पोखरीको भने नाश भएकोमा आफूलाई चिन्ता लागेको बताउनुभयो । "सडकका कारण बजारको सेवा सुविधा गाउँमा आए पनि सडकले विकाससँगै विनाश पनि निम्त्याएको छ । अव्यवस्थित रुपमा निर्माण भएका सडकमा हिउँदमा गाडी गुडे पनि बर्खाको समय ठप्प हुन्छ", उहाँले भन्नुभयो, "बाढी र पहिरोको जोखिम पनि उस्तै छ" स्थानीय शेरपुंजाले भन्नुभयो । आवश्यकता भन्दा बढी गाउँमा सडक खनिएपछि सडकभन्दा तलपट्टीका धेरै बस्ती बाढीपहिरोका जोखिममा परेका स्थानीयवासीको भनाइ छ । "सडक खनिनुभन्दा पहिला गाउँ निकै रमाइला र हराभरा थिए, अहिले सडकले गर्दा उराठिलो बनेका छन्" बेनी नगरपालिका-२ का नारायण शर्माले बताउनुभयो ।

म्याग्दीमा बेनी-जोमसोम-कोरला, बेनी- दरवाङ, बेनी-मालढुङ्गा र बेनी-बागलुङ सडक खण्डको स्तरोन्नतिको काम भइरहेको छ । बेनी-बगरफाँट-सुर्केमेला-बरंजा, बेनी- अर्थुङ्गे-घतानलगायत ग्रामीण सडकको स्तरोन्नति र कालोपत्रको काम पनि हुँदैछ । अधिकांश ग्रामीण सडक भने जीर्ण बन्दै गइरहेका स्थानीयको गुनासो छ ।

जिल्ला समन्वय समिति बागलुङका प्रमुख राजकुमार थापाले अव्यवस्थित रुपमा निर्माण भएका सडकले गाउँको सुन्दरता नासिँदै गएकोले अब ग्रामीण सडक निर्माणमा निश्चित मापदण्ड पूरा गरेर मात्र काम गर्न दिइने बताउनुभयो । अहिले सबै पालिकालाई सडक निर्माण गर्दा इन्जिनिरिङ गरेर मात्रै निर्माण गर्न आग्रह गरेको उहाँले जानकारी दिनुभयो ।

# व्यावसायीक किसानलाई अनुदानमा उपकरण

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ३ असार

कृषि र पशुपंक्षीको व्यावसाय गर्दै आएका किसानहरुलाई ५० प्रतिशत अनुदानमा उपकरण वितरण गरिएको छ । व्यावसायमा किसानलाई सहजता र उर्जा मिलोस भन्ने उदेश्यले कृषि उपकरणहरु अनुदानमा वितरण गरिएको हो ।

स्याङ्जाको वालिङ स्थित अकला नमुना साना किसान सहकारीले आफ्ना शेयर सदस्यहरुलाई व्यावसायीकतामा मद्धत पुराउन ५० प्रतिशतमा कृषि उपकरण प्रदान गरको छ । सहकारीले किसानलाई हातेट्याक्टर, कुटानीपिसानी गर्ने मिल, घासँ काट्ने मेसिन, स्पेयर, क्यारेट लगायतका कृषि उपकरण सामाग्री अनुदानमा वितरण गरेको जनाएको छ । समुहगत बनाएर कृषि र पशुपंक्षी पालनमा लगानी र प्राविधिक सहयोग गर्दै आएको सहकारीले किसानलाई



अनुदानमा उपकरण वितरण गर्न थालेपछि हर्षित भएको सहकारी अध्यक्ष पुण्यप्रसाद अर्यालले बताए । शेयर सदस्यलाई कृषि र पशुपंक्षीमा व्यवसायीकरण गराउने अभियानमा छौं अध्यक्ष अर्यालले भने,'उत्पादन र बजारीकरणमा लागेका किसानले अनुदानमा उपकरण पाउछन् ।' जसले किसानलाई अझै आफ्नो उत्पादन बढाउन मद्धत गर्नेछ उनले भने । व्याक्तिगत भन्दा पनि समुहगत बनाएर कृषि र पशुपालनमा सहकारीले जोड दिदै आएको अध्यक्ष अर्यालको भनाई छ । हामीले वितरण गरेका उपकरण सदुपयोग भएको छ वा छैन अनुगमन पनि गर्छौं उनले भने,'सामाग्रीको सदुपयोग नभएको ठानिएमा सहकारीले पुन फिर्ता ल्याउछ ।' फिर्ता ल्याइएको सामाग्री हामीले अर्को समहुलाई वितरण गर्ने छौं उनले भने ।

किसानहरुको मागका आधारमा सहकारीले कृषि उपकरण अनुदानमा दिने गरेको बताइएको छ । आफ्ना शेयर सदस्यहरुलाई कृषिमा आत्मनिर्भर बनाउने अभियान अनुसार उनीहरुलाई गाईभैसी, बाख्रा, बंगुर, कुखुरा पाल्न सहजरुपमा कर्जाको समेत व्यवस्थापन मिलाईदिएको सहकारीका प्रवन्धक लक्ष्मी पोखेल रेग्मीले जानकारी दिइन् । किसानको माग र आवश्यकता हेरेर सामाग्री दिने गरेको उनको भनाई छ । उनका अनुसार ३ ओटा हाते ट्र्याक्टर, १० ओटा स्पेयर, २ ओटा तराजु, १० ओटा क्यारेट, १ घासकाट्ने मेसिन, कुटानी पिसानी गर्ने मिल १ लगायतका सामाग्री अनुदानमा वितरण गरेको बताइन् । सहकारीमा आवद्धता भएका शेयर सदस्यहरुले तरकारी खेती, गाईभैसी पालन, कुखुरा पालन लगायतका व्यवसाय गर्दै आएका छन् । सहकारीले लगानी पनि गरिदिने र बजारीकरणको पनि व्यवस्था मिलाईदिने काम गरेकाले शेयर सदस्य किसानलाई फाईदा मिलेको छ ।

# नेपालले जिम्बावेसँग पराजित

रासस
काठमाडौं, ३ असार

आइसिसी एकदिवसीय विश्वकप क्रिकेट छनोट-२०२३ अन्तर्गत आज भएको पहिलो खेलमा नेपाल टेष्ट मान्यता प्राप्त राष्ट्र जिम्बावेसँग पराजित भएको छ । जिम्बावेको हरारे स्पोर्टस क्लबमा भएको खेलमा नेपाल जिम्बावेसँग आठ विकेटले पराजित भएको हो ।

नेपालले दिएको दुई सय ९१ रनको लक्ष्यलाई जिम्बावेले ४४ दशमलव १ ओभरमा २ विकेट गुमाउँदै पूरा गर्यो । जिम्बावेको जितमा क्रेग इर्विनले सर्वाधिक १२१ रनको योगदान दिए । उनले १ सय २८ बलमा १५ चौका र १ छक्कासहित १ सय २१ रनमा अविजित रहेका हुन् । त्यस्तै, सेन विलियम्स ७० बलमा १३ चौका र १ छक्कासहित १०२ रनमा अविजित रहे । यसैगरी, जोयलोर्ड गुम्बीले २५ रन बनाए भने वेस्ली माधिवेरीले ३२ रन बनाए । बलितर्फ नेपालका गुलशन झा र सोमपाल कामीले एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै २९० रनको योगफल बनाएको थियो । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ९९ रनको योगदानन दिए । उनी शतक पूरा गर्नबाट १ रनले चुके । जिम्बावेका वेलिङटन मसाकाट्जाले कुशललाई ९९ रनमा आउट गराए । ९५ बल खेलेका उनले १३ चौका र २ छक्काको मद्दतमा ९९ रनको योगदान गरेका हुन् । त्यस्तै, पहिलो विकेटका लागि कुशलले आसिफ शेखसँग १७१ रनको उत्कृष्ट साझेदारी गरे । कुशल र आशिफले ३१ दशमलव ५ ओभरमा १७१ रनको उत्कृष्ट शतकीय साझेदारी गरेका हुन् । एकदिवसीय नेपालको खेलमा यो हालसम्मकै उच्च अङ्कको साझेदारी हो । यसअघि गत फेब्रुअरीमा भएको नामिबियाविरुद्धको खेलमा ज्ञानेन्द्र मल्ल र आसिफ शेखले दोस्रो विकेटका लागि १३९ रनको साझेदारी गरेका थिए ।

आसिफले ६६ रन बनाए । उनले एक सय बल खेल्दै सात चौकाको मद्दतमा ६६ रन जोडेका हुन् । यसैगरी, कुशल मल्लले ४१ रन जोडे । ४२ बल खेलका उनले तीन छक्का र दुई चौकाको मद्दतमा ४१ रन बनाएका हुन् । आरिफ शेखले १० रन बनाउँदा गुल्सन झाले १३ तथा दीपेन्द्र सिंह ऐरीले ६ रन जोडे । त्यस्तै, करण केसी २ रनमा अविजित रहे । बलिङतर्फ जिम्बावेका रिचार्ड नगर्भाले चार विकेट लिए भने विलिङ्टन मासाकाट्जाले दुई विकेट झारे । त्यस्तै, ब्लेसिङ् मुजवानी र टेन्डाई चताराले समान एक/एक विकेट लिए । नेपालले अब आफनो दोस्रो खेल यही असार ५ गते अमेरिकासँग खेल्नेछ । एकदिवसीय विश्वकप छनोटमा नेपालसहित विश्वका १० राष्ट्रको सहभागिता रहेको छ । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जसमा नेपाल समूह 'ए' मा परेको छ । नेपालको समूहमा जिम्बावे, वेस्टइन्डिज, नेदरल्यान्ड्स र अमेरिका छन् । त्यस्तै, समूह 'बी' मा श्रीलङ्का, आयरल्यान्ड, ओमान, संयुक्त अरब इमिरेट्स (युएई) र स्कटल्यान्ड छन् ।

सहभागी दुई समूहको लिग खेलपछि सुपर सिक्स हुनेछ । सुपर सिक्समा दुवै समूहका शीर्ष तीन-तीन टोलीले स्थान बनाउनेछन् । सुपर सिक्सबाट शीर्ष दुई स्थानभित्र रहने टोलीले फाइनल खेल्दै आगामी अक्टोबर-नोभेम्बरमा भारतमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकप क्रिकेट खेल्न पाउनेछन् ।

# नौ घर बगे, एकको शव फेला, तीन अझै बेपत्ता

रासस
काठमाडौं, ३ असार

वर्षासँगै शनिबार रातिको बाढी र पहिराबाट ताप्लेजुङमा एकको निधन भएको छ भने तीन अझै बेपत्ता छन् । शनिबार रातिदेखि बेपत्ता सिदिङ्वा गाउँपालिका-६ मेहेलेका ३१ वर्षीय गणेश तामाङको शव आज दिउँसो फेला परेको छ । मेहेलेकै यादव बुढाक्षेत्रीको घर पहिराले बगाउँदा बेपत्ता बनेका यादव पत्नी भगीमाया, बुहारी सन्ध्या र नाति प्रज्वल भने अझै बेपत्ता छन् । उनीहरूको खोजी कार्य भइरहेको छ ।

आइतबार प्रहरीद्वारा सङ्कलित क्षतिको प्रारम्भिक विवरणअनुसार सिदिङ्वा गाउँपालिकाका-६ सहित नौ वटा घर बाढी र पहिराले पूर्णरूपमा बगाएको छ । सिरीजङ्घा गाउँपालिकाको खेवाङ, याम्फुदिन र मैवाखोला गाउँपालिका-४ मा एक-एक वटा घर बगेका छन् । यसैगरी ५१ घर जोखिममा रहेका छन् ।

सिरीजङ्घा, सिदिङ्वा र मैवाखोलामा एक-एक गरी तीन मोटरेबल पुल बाढीले क्षतिग्रस्त बनाएको छ । जिल्लाका विभिन्न खोलामाथि रहेका पाँच वटा झोलुङ्गे पुलमा बाढीले क्षति पुऱ्याएको छ । सात सरकारी कार्यालय, दुई हाइड्रोपावर, एउटा क्रसर उद्योगमा बाढीपहिराले क्षति पुगेको जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले जनाएको छ । यहाँस्थित विभिन्न पाँच सडकखण्ड पूर्णरूपमा अवरुद्ध छन् । एउटा कुखुरा फर्म र एक विद्यालयमा क्षति पुगेको जनाइएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार सबैभन्दा बढी मैवाखोलाका २१ घर जोखिममा छन् भने सिदिङ्वा गाउँपालिका-६ का २० घर जोखिममा रहेका छन् । पीडित परिवारको उद्धार र राहतका लागि विपद् व्यवस्थापन समितिको समन्वयमा स्थानीय तह, तीन वटै सुरक्षा निकायका सुरक्षाकर्मी, रेडक्रसलगायतका सङ्घसस्था जुटेका छन् । प्राय बाढी पहिरोग्रस्त गाउँका विद्युत् संरचनामा क्षति पुग्दा गाउँघर अन्धकारमय बनेका छन् भने आन्तरिक र बाह्य यातायात ठप्प छ । शनिबार राति ताप्लेजुङमा ४७ दशमलव पाँच मिलिमिटर वर्षा भएको थियो । बिहानदेखि साँझसम्म वर्षा रोकिए पनि साँझदेखि फाट्टफुट्ट वर्षा भइरहेको छ ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २६ लेखनाथ कालिकाचोकमा कन्धनीडाँडा भाट समाज घरको छानो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम**: कन्धनीडाँडा भाट समाज घरको छानो निर्माण
**उपभोक्ता समितिको नाम**: कन्धनीडाँडा भाट समाज, पोखरा-२६
**योजना सम्झौता मिति** : २०७९/१२/१२
**योजना सुरू मिति** : २०७९/१२/२०
**योजना सम्पन्न हुने मिति** : २०८०/०२/१५ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/०३ गते
**महानगरपालिका बाट प्राप्त** : २५,००,०००/-
**उपभोक्ताबाट** : ४,४१,०००/-
**कुल लागत** : २९,४१,०००/-

**उपभोक्ता समिति**
**संयोजक** : ठाकुर प्रसाद रानाभाट
**सहसंयोजक** : भिम बहादुर रानाभाट
**सचिव** : कल्पना भण्डारी रानाभाट
**कोषाध्यक्ष** : बसन्त बञ्जरा
**सदस्यहरू**: गोमा बञ्जरा, कर्ण बहादुर रानाभाट र दिपेन्द्र रानाभाट

**अनुगमन समिति**
**संयोजक**: तिर्थ बहादुर राजभाट (वडा सदस्य पोखरा-२६)
**सदस्य**: ओम बहादुर बञ्जरा
**सदस्य**: कमला रानाभाट

**रक्तदान जीवनदान**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१